नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार विभाग

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा पठाइने नेपाली सहायक कामदार छनौटका लागि

आवेदन आह्वान गरिएको सूचना

(नेपाल सरकार र इजरायल सरकारबीच भएको श्रम सम्झौता अनुसार)

विज्ञापन नं. ०१/२०८३/०८४

मितिः २०८३/०५/२३, नेपाल सम्वतः११४६ गुंलागा द्वादशी

इजरायलका दीर्घकालीन स्याहार केन्द्र (Auxiliary Workers employed in Long Term Care Facilities, including in group homes located in individual Apartment) मा गम्भीर अपांगता भएका जुनसुकै उमेरका व्यक्तिहरुको स्याहारको लागि सहायक कामदारको रुपमा कार्य गर्न तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले तपसिल बमोजिमको विवरणसहित ३५ दिन भित्र यस विभागको वेव पोर्टल ferms.dofe.gov.np मा online आवेदन दर्ता गर्न सम्बन्धित सबैका जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ। मिति २०८३/०५/२३ गते राती १२:०० बजेदेखि २०८३/०६/२६ गते राती ११:५९ बजेसम्म online दरखास्त दिन सकिनेछ। तर Cambridge Upskill English Test दिनुपर्ने आवेदकको हकमा Cambridge Upskill English Test Upgrade मै रहेको कारण 21 September 2026 (२०८३/०६/०५) देखि परीक्षा दिन सकिनेछ। **मिति २०८३/०२/१३ गते प्रकाशित विज्ञापनमा आवेदन स्वीकृत भई मिति २०८३/०५/२२ गते यस विभागको website मा नाम प्रकाशित भएका उम्मेद्वारहरुले पुनः यस विज्ञापनमा आवेदन दिनुपर्नेछैन। आवेदन दिने अन्तिम दिनसम्म ४५ वर्ष ननाघेको त्यस्ता उम्मेद्वारहरुको हकमा यस अघिको विज्ञापनमा Approved भएको आवेदनलाई नै PIBA को Name Checks** मा पठाइनेछ।

| पद | माग संख्या | | मासिक तलब | ओभर टाइम सुविधा | प्रति हप्ता काम गर्ने दिन | प्रति हप्ता काम गर्ने घण्टा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि | करार अवधि थप सुविधा | करार अवधि थप गरिएमा हुने अधिकतम करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १४६४ | | | | | | | | | | | |
| | महिला | पुरुष | | | | | | | | | | |
| सहायक कामदार | ११३२ | ३३२ | ६४४३.८५ NIS इजरायली मुद्रा | इजरायली सरकारको नियमानुसार | ६ दिनसम्म | ४२ (अतिरिक्त समय बाहेक) | इजरायली कानून अनुसार | कामदार स्वयंले व्यहोर्नु पर्ने | रोजगारदाताले (विदेशी कामदार सम्बन्धी नियमानुसार) आवासको प्रबन्ध गर्ने र सो को खर्च कामदारले व्यहोर्ने | शुरुमा १ वर्ष | रोजगारदाताले करार अवधि थप गर्न सक्ने | ५ वर्ष |

**१. आवश्यक न्यूनतम योग्यता :**

(क) नेपाली नागरिक

(ख) आवेदन दिने अन्तिम दिनसम्म २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

(नोटः आवेदन स्वीकृत भएपश्चात PIBA ले गर्ने NAME CHECK को दिनसम्ममा ४५ वर्ष पुरा भएमा त्यस्ता आवेदकलाई PIBA ले LOTTERY मा समावेश नगराउने व्यहोरा समेत सूचित गरिन्छ।)

महानिर्देशक

(ग) कम्तीमा १.५ मिटर उचाइ र कम्तीमा ४५ किलोग्राम तौल भएको,

(घ) कम्तीमा १० कक्षा उत्तीर्ण गरी अ.न.मी. वा सि.एम.ए. सम्बन्धी विषयमा कम्तीमा १५ महिनाको अध्ययन पूरा गरेको वा १०+२, वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङ्ग सम्बन्धि कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको,

नोटः १. **अ.न.मी. र सि.एम.ए. बाहेक अन्य सबै शैक्षिक योग्यताको हकमा** केयर गिभिङ्ग सम्बन्धि कम्तीमा तीन महिनाको **तालिम अनिवार्य रहेको छ।**

**२. त्रिभुवन विश्वविद्यालयबाट दुई वर्षे P.C.L. एवं P.C.L. सरहको तीन वर्षे Diploma in Engineering** र **राष्ट्रिय परीक्षा बोर्डबाट १०+२ उतीर्ण गरेका बाहेकको हकमा १०+२ सरहको समकक्षता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।**

**३. विदेशी बोर्ड/विश्वविद्यालयबाट उत्तीर्णको हकमा पाठ्यक्रम विकास केन्द्रबाट लिइएको १०+२ को समकक्षता अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।**

(ङ) आवेदन दिनका लागि पासपोर्टको म्याद समाप्त हुन कम्तीमा १ वर्ष बाँकी रहनुपर्नेछ।

(च) विगतमा इजरायलमा गई कार्य नगरेको हुनुपर्नेछ।

(छ) बाबु, आमा, पति, पत्नी, छोरा, छोरी इजरायलमा बसोबास नगरेको वा कार्यरत नरहेको हुनुपर्नेछ।

(ज) शारीरिक र मानसिक रुपमा स्वस्थ्य रहेको, कुनै प्रकारको जीर्ण रोगहरु (क्षयरोग, हेपाटाइटिस, भिरिङ्गी, गोनोरिया, एड्स) बाट ग्रसित नभएको, गरुङ्गो सामान उचाल्न सक्ने लगायत स्याहार केन्द्रमा सहायक कामदारको रुपमा कार्यगर्न, सामर्थ्य भएको र दुर्व्यसनमा हुनुपर्नेछ।

२. दरखास्त दिने प्रकृयाः

(क) विभागको वेबपोर्टल ferms.dofe.gov.np मा उपलब्ध अनलाईन फाराम भर्नु पर्नेछ। (अनलाइन फाराम भर्ने User Manual पोर्टलमा उपलब्ध छ।)

(ख) अनलाइन प्रणाली (FERMS) मा दर्ता भएका दरखास्त स्वीकृत/अस्वीकृत भए पश्चात आवेदकलाई प्रणालीमा दर्ता भएको मोवाइल नम्बर/ईमेलमा सूचना पठाइनेछ, नपुग कागजात अपलोड गर्न सिस्टमबाट नै उम्मेदवारलाई जानकारी गराइनेछ। सिस्टमबाट अपलोड गर्नुपर्ने भनी जानकारी गराएका कागजात तोकिएको समयभित्र अपलोड नगरेमा दरखास्त स्वतः submit भई आवेदन अस्वीकृत हुनेछ।

(ग) उम्मेदवारले अंग्रेजी भाषा परीक्षणको प्रमाण पत्रका रुपमा इजरायलको PIBA ले तोकेको CIIN International Qualifications Pvt. Ltd., Tripureshwor, Kathmandu बाट लिइएको English Up skill Test को कम्तिमा Reading- A2, Writing- A1, Speaking- B1, Listening- A2 भएको प्रमाण पत्र तोकिए बमोजिम अपलोड गर्नुपर्नेछ।

(घ) उम्मेदवारले पासपोर्ट र प्रहरी चारीत्रिक प्रमाण पत्र (with no criminal record) को स्क्यान कपी अपलोड गर्नुपर्नेछ।

(ङ) अपलोड गरिएका आफ्ना कागजातहरुको वैधानिकताको पुष्टि गर्ने उत्तरदायित्व उम्मेदवारको हुनेछ। **पेश भएका कागजात गलत ठहरेमा सम्बन्धित उम्मेदवारलाई प्रचलित कानून बमोजिम हुनेछ।**

(च) दरखास्त स्वीकृत भएका उम्मेदवारहरुलाई इमेल/मोबाइल नम्बरमा सो को जानकारी गराइनेछ।

(छ) उम्मेदवारहरुले विभागको website मा उपलब्ध भएको **Waiver of Confidentiality of Information,** उचाइ र तौल तोकिएको सिमाभन्दा कम नभएको, Care giver तालिमको प्रमाणपत्र लिएको स्व घोषणामा दस्तखत गरी अपलोड गर्नुपर्नेछ।

(ज) आवेदनका साथ पेश गरिएका Cambridge Upskill Test Report लगायतका विवरण/प्रमाणहरु अन्यथा प्रमाणित भएमा जुनसुकै समयमा निजको दरखास्त रद्द गर्ने र कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने अधिकार समेत विभागमा सुरक्षित रहनेछ। **साथै त्यस्ता उम्मेदवारहरुलाई यस विभागबाट भविष्यमा प्रकाशन हुने सोही प्रकृतिका विज्ञापनमा आवेदन गर्न नपाउने गरी विभागले निर्णय गर्न सक्नेछ।**

३. दरखास्त स्वीकृत र छनौट गर्ने प्रकृया :

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

महानिर्देशक

(क) पहिलो चरणमा स्वीकृत भएका उम्मेदवारहरुको सूची PIBA मा जाँचबुझ (Namecheck) का लागि पठाइनेछ। जाँचबुझ पछि सफल भएका उम्मेदवारहरुको सूचि विभागको वेबसाइटमा प्रकाशन गरिनेछ। सो सूचीमा पर्न सफल सम्पूर्ण उम्मेदवारहरुले इजरायल सरकारद्वारा सूचीकरण गरिएका स्वास्थ्य संस्थाबाट तोकिएबमोजिमको स्वास्थ्य परीक्षण (medical checkup) गर्नुपर्नेछ।

(ख) इजरायलको Population and Immigration Board Authority (PIBA) ले कूल संख्याको करीब ७५% (Implementation Protocol) कामदार चिट्ठाद्वारा छनौट गर्नेछ।

(ग) छनौट गरिएका कामदारहरुको रोजगार सम्झौता हस्ताक्षरको लागि विभागले उपलव्ध गराउनेछ।

(घ) रोजगार सम्झौता भई प्रवेशाज्ञा प्राप्त गरेका कामदारलाई विभागले श्रम स्वीकृति प्रदान गर्नसक्नेछ।

(ङ) Lottery मा छनौट नभएका उम्मेदवारहरुलाई रोजगार प्रक्रियामा समावेश गराउन सकिने छैन।

(च) प्रवेशाज्ञाको लागि सिफारिस गरेको उम्मेदवारले प्रवेशाज्ञा पाउने वा नपाउने विषयमा विभाग उत्तरदायी हुनेछैन।

४. पूर्व शर्तहरुः

(क) छनौट भएका कामदारहरुले आवश्यक परेमा इजरायल प्रस्थानको ७२ घण्टा अगाडि आफ्नै खर्चमा कोभिड-१९ परिक्षण गरी Negative Report पेश गर्नुपर्ने लगायत कोभिड-१९ सँग सम्बन्धित अन्य आवश्यक विवरणहरु उपलव्ध गराउनु पर्नेछ।

(ख) इजरायल प्रवेश पश्चात इजरायली स्वास्थ्य मन्त्रालयले तोकेअनुसार कामदारले आवश्यक खोपहरु लिनुपर्नेछ, खोप लिन इन्कार गर्न पाइने छैन।

(ग) Lottery मा छनोट भएका उम्मेदवारहरुले स्वास्थ्य परीक्षण प्रमाण-पत्र पेश गर्नुपर्नेछ।

(घ) इजरायलमा गैरकानूनी रुपमा नबसेका, इजरायलमा बसोबास गर्ने कुनै मनसाय नभएको, करार सम्झौता अवधि समाप्त भए पछि अनिवार्य रुपमा इजरायल छोड्नुपर्नेछ।

(ङ) करार सम्झौतामा उल्लेख भएको कामवाहेक अन्य क्षेत्रमा काम गर्न पाइने छैन।

(च) इजरायलको लागि प्रवेशाज्ञा प्राप्त गर्न योग्य कामदारले इजरायल प्रस्थान गर्नु पूर्व राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटीबाट अभिमुखीकरण तालिम लिनुपर्नेछ।

५. सेवा सुविधा सम्बन्धी शर्तहरुः

(क) कार्य विवरणः इजरायली हेरचाह केन्द्रमा रहेका गम्भीर अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य, सरसफाई, पोषण, हिडडुल लगायत सुपरभाईजरवाट प्राप्त निर्देशन तथा रोजगार सम्झौता अनुसार सहयोग पुऱ्याउनु पर्नेछ।

(ख) कार्य शिफ्टः रोजगारदाताले आवश्यकता अनुसार समय समयमा कुन शिफ्टमा कति घण्टा राख्ने भनी निश्चित गर्नेछ।

(ग) विदेशी कामदार कोष जम्माः मासिक पारिश्रमिकको १२.५% ले हुने रकम रोजगारदाताले कामदारको नाममा खोलिएको बैंक खातामा जम्मा गर्नेछ। (करार अवधि समाप्त हुनासाथ इजरायल छोड्ने कामदारलाई निजको खातामा जम्मा रकम भुक्तानी दिइनेछ। करार अवधि समाप्त भए पछि पनि इजरायलमा गैह्रकानुनी रुपमा वसेमा तोकिएको प्रतिशत रकम कोषवाट कट्टा गरिने र गैहकानूनी वसाई ३ महिना नाघेमा कोषमा जम्मा सम्पूर्ण रकम जफत गरिनेछ।

(घ) इजरायली श्रम कानुन अनुसार कामदारको मासिक पारिश्रमिकवाट कट्टा हुने खर्च शिर्षकहरुः

(१) रोजगारदाताबाट उपलव्ध गराइने स्वास्थ्य विमाको प्रिमियम रकम,

(२) आवास र खाना खर्च

(३) सम्पतिकर, पानी, बिजुली महशुल

(४) आयकर

(ङ) सहायक कामदार छनौटमा कामदार स्वयंले व्यहोर्नु पर्ने खर्च शीर्षकहरु :

महानिर्देशक

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

| क्र.सं. | खर्च शीर्षकहरु | अनुमानित खर्च रकम (नेपाली रुपैयाँ) |
|---|---|---|
| १. | हवाई भाडा (नेपाल-इजरायल एक तर्फी) | प्रचलित बजारदर अनुसार |
| २. | स्वास्थ्य विमा (विभागमा सूचीकृत बीमा कम्पनीबाट भिसा गराउनु पर्ने) | उमेर अनुसार ३७०८ देखि ४९३१ |
| ३. | पूर्व प्रस्थान अभिमूखीकरण तालिम, | ७००/- |
| ४. | पासपोर्ट, | नियमानुसार |
| ५. | स्वास्थ्य परीक्षण, | ९,५००।०० सम्म (प्रचलित नियम अनुसार, चेकजाँच गरिनुपर्ने विषय अनुसार तलमाथि पर्न सक्ने) |
| ६. | अंग्रेजी भाषा परीक्षण शुल्क | ५०००/- |
| ७. | कोभिड-१९ पि.सि.आर. परीक्षण, | आवश्यकता अनुसार |
| ८. | वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा | १५००/- |
| ९. | सामाजिक सुरक्षा कोषमा जम्मा | कोषको नियमानुसार |

सम्पर्क :
ई-मेल : g2gvacancy2083@dofe.gov.np

यो सूचना विभागको वेबसाइट : www.dofe.gov.np मा हेर्न सकिनेछ ।

पुनश्चः

१. मिति २०८३/०२/१३ गते प्रकाशित विज्ञापनमा आवेदन स्वीकृत भई **lottery** मा छनोट नभएका तपसिल बमोजिमका उम्मेद्वारहरुले पुनः यस विज्ञापनमा आवेदन दिनुपर्नेछैन। आवेदन दिने अन्तिम दिनसम्म ४५ वर्ष ननाघेको त्यस्ता उम्मेद्वारहरुको यस अघिको विज्ञापनमा **Approved** भएको आवेदनलाई नै **PIBA** को **Name Checks** मा पठाइनेछ।

२. नेपाल सरकार र इजरायल सरकारबीच भएको द्विपक्षीय श्रम सम्झौताको Implementation Protocol A to the Agreement Between the Government of Nepal and the Government of the State of Israel on the Temporary Employment of Nepal Workers in Specific Labor Market Sector in the State of Israel- Auxiliary Workers in Long Term Care Facilities को Article 7(5) मा स्पष्टरुपमा PIBA is not obliged to recruit all qualified applicants in the final database लेखिएकोले Lottery मा छनौट नभएका उम्मेदवारहरुलाई रोजगार प्रक्रियामा समावेश गराउन विभाग बाध्य हुने छैन ।

३. आवेदनका साथ पेश गरिएका विवरण तथा कागजातहरु गलत ठहरिएमा उम्मेदवारको आवेदन जुनसुकै बखत खारेज हुनेछ साथै कानून बमोजिम कारबाही समेत हुनेछ ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५

महानिर्देशक